# चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७७ साल पौष ५ गते आईतवार)

**आदरणीय सेयरधनी महानुभावहरु,**

मुक्तिनाथ विकास बैंक लि.को सञ्चालक समितिको मिति २०७७ पौष ३ गते बसेको २३९ औं बैठकको निर्णय अनुसार यस विकास बैंकको चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि, यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७७ पौष २५ गते, शनिवार (तदनुसार जनवरी ९, २०२१)

**समय** : बिहान ११:००, बजे ।

**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दी, विरौटा, पोखरा ।
(हाल विश्वभर फैलिरहेको कोभिड-१९ को महामारीका कारण नेपाल सरकारले तोकेको सिमाभित्र मात्र सेयरधनी महानुभावहरु वार्षिक साधारण सभामा प्रवेश गर्न सक्ने भएतापनि सेयरधनीहरुको अधिक उपस्थितिका लागि अनलाइन (भर्च्युएल) माध्यमबाट समेत साधारण सभामा उपस्थित गराउने व्यवस्था गरिएको छ ।

**छलफलका विषयहरू :**

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७६/७७ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व.२०७७/७८ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७६/०७७ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.४,३२,४९,८९,४८६/- (अक्षरेपी चार अर्ब बत्तीस करोड उनन्पचास लाख उनान्नब्बे हजार चार सय छयासी रुपैयाँ मात्र) को ४.२५७४ प्रतिशतले हुने रकम रु.१८,४१,३२,१०२.३८ (अक्षरेपी अठार करोड एकचालीस लाख बत्तीस हजार एक सय दुई रुपैयाँ अड्तीस पैसा मात्र) (वोनस सेयर र नगद लाभाँशको कर सहित) नगद लाभाँश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्त पूँजी रु.४,३२,४९,८९,४८६/- (अक्षरेपी चार अर्ब बत्तीस करोड उनन्पचास लाख उनान्नब्बे हजार चार सय छयासी रुपैयाँ मात्र) को ११.२५ प्रतिशतका दरले हुन आउने रकम रु.४८,६५,६१,३१७.१८ (अक्षरेपी अड्चालीस करोड पैंसठ्ठी लाख एकसठ्ठी हजार तिन सय सत्र रुपैयाँ अठार पैसा मात्र) वोनस सेयर वितण गर्ने प्रस्ताव पारित गर्ने ।

२. विकास बैंकको चुक्ता पूँजी रु.४,३२,४९,८९,४८६/- (अक्षरेपी चार अर्ब बत्तीस करोड उनन्पचास लाख उनान्नब्बे हजार चार सय छयासी रुपैयाँ मात्र) बाट ११.२५ प्रतिशतले हुन आउने रकम रु.४८,६५,६१,३१७.१८ (अक्षरेपी अड्चालीस करोड पैंसठ्ठी लाख एकसठ्ठी हजार तिन सय सत्र रुपैयाँ अठार पैसा मात्र) बोनस सेयर बितरण पश्चात जारी तथा चुक्ता पूँजी रु.४,८१,१५,५०,८०३.१८ (अक्षरेपी चार अर्ब एकासी करोड पन्ध्र लाख पचास हजार आठ सय तीन रुपैयाँ अठार पैसा मात्र ) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

३. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (एक्विजिशन)/गाभ्ने वा गाभिने (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैकमा निवेदन दिने, सम्पत्ति दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्वन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

४. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

५. विविध :

**द्रष्टव्यः** चौधौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०७७ पौष १३ गते, देखी २०७७ पौष २५, गते सम्म यस विकास बैंकको सेयर दाखिल खारेज बन्द (Book Closed) हुने व्यहोरा सेयरधनी महानुभावहरुलाई जानकारी गराइन्छ ।

सञ्चालक समितिको आज्ञाले
**डण्डपानी ढकाल**
(कम्पनी सचिव)

नोट : साधारण सभा सम्बन्धी अन्य जानकारी सहित मिति २०७७ साल पौष ०४ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu,
**Tel:** 01-4168683 (Hunting Line), **Toll Free No.:** 16600149999, **Fax No.** 01-4168684
**E-mail:**info@muktinathbank.com.np, **Web:** www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**